मुख्य समाचार

- केन्द्रीय मन्त्रिपरिषद्ले 11 लाख 40 हजारभन्दा बढी रेलवे कर्मचारीहरूलाई उत्पादकता-आधारित 78 दिनको बोनस-भुक्तानीलाई अनुमोदन गरेको छ। IDBI बैंकको पुनर्गठन लाई पनि अनुमोदन गरिएको छ।
- प्रधानमन्त्री नरेन्द्र मोदीले, देशको सभ्यताको यात्रा शताब्दीयौंदेखिको सांस्कृतिक आदानप्रदान र ज्ञानको साझा प्रयासले गर्दा समृद्ध भएको भन्नुभएको छ।
- रक्षामन्त्री राजनाथ सिंहले शान्तिपूर्ण, स्थिर र स्वतन्त्र हिन्द प्रशान्त क्षेत्रमा भारत र आसियानको साझा र स्पष्ट हित रहेको कुरामा जोड दिएका छन्।
- पुरुष क्रिकेटमा, भारतले आज हैदराबादमा वेस्ट इन्डिज विरुद्ध चौथो T-20 अन्तर्राष्ट्रिय Match खेली रहेको छ।

मन्त्रिपरिषद् - रेलवे बोनस

केन्द्रीय मन्त्रिपरिषद्ले 11 लाख 40 हजारभन्दा बढी रेलवे कर्मचारीहरूलाई उत्पादकता-आधारित 78 दिनको बोनस-पीएलबी भुक्तानीलाई अनुमोदन गरेको छ।

मन्त्रिपरिषद्ले यसका लागि दुई हजार 9 करोड रुपैयाँभन्दा बढी अनुमोदन गरेको छ।

नयाँ दिल्लीमा प्रधानमन्त्री नरेन्द्र मोदीको भएको केन्द्रीय मन्त्रिपरिषद् बैठकपछि मिडियालाई जानकारी दिँदै सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले भने कि योग्य अध्यक्षतामा रेलवे कर्मचारीहरूलाई पीएलबीको भुक्तानी प्रत्येक वर्ष चाडपर्व अघि गरिन्छ।

केन्द्रीय मन्त्रिपरिषद्- IDBI

केन्द्रीय मन्त्रिपरिषदले IDBI बैंकको गठन पनि अनुमोदन गरेको छ। केन्द्रीय मन्त्रिपरिषद बैठकपछि सञ्चारकर्मीलाई जानकारी दिँदै श्री वैष्णवले भने कि बैंकले MSME र नयाँ उद्योगहरूको विकासमा महत्वपूर्ण भूमिका खेल्छ।

मन्त्रिपरिषद्- सामाजिक सहायतता

केन्द्रीय मन्त्रिपरिषद्ले आज 2026-27 देखि 2030-31, पाँच वर्षसम्म राष्ट्रिय सामाजिक सहायता कार्यक्रमलाई निरन्तरता दिन स्वीकृति दिएको छ। मन्त्रिपरिषद् बैठकपछि सञ्चारकर्मीलाई जानकारी दिँदै सूचना प्रसारण मन्त्री अश्विनी वैष्णवले सामाजिक सुरक्षाका लागि 53 हजार 428 करोड रुपैयाँको परिव्यय स्वीकृत गरेको बताए। उनले भने, दिव्यांगजन पेंशन योजना अन्तर्गत सहायताको रकम अब 79 वर्षसम्मका उमेर समूहका लागि 375 रुपैयाँ र

80 वर्ष र 'त्यो भन्दा माथिका उमेर समूहका लागि 625 रुपैयाँ हुनेछ । श्री वैष्णवले भने, प्रधानमन्त्री सामाजिक सहायता योजना हाल ४० प्रतियत अन्तर्गत, दिव्यांगजनको मानक अपाङ्गताको मापदण्ड ह्रास ८० प्रतिशत देखि 40 प्रतिशत हुनेछ । श्री वैष्णवले भने, यस अन्तर्गत, अपाङ्गता पेंशन को लागि न्यूनतम उमेरको श्री वेढणवले उनले भने, वृद्धवृद्धा र मापदण्ड अब जन्मदेखि नै हुनेछ। ...विधवाहरूका लागि पेंशन योजना र पारिवारिक लाभयोजनाहरू विद्यमान स्वरूपमा जारी रहनेछन्।

गोयल – व्यापार सम्झौता

वाणिज्य मन्त्री पियुष गोयलले भारतले विगत चार वर्षमा ३८ विकसित राष्ट्रहरूसँग प्राथमिकतापूर्ण व्यापार सम्झौतामा हस्ताक्षर गरेको बताएका छन्। आज नयाँ दिल्लीमा ब्लूमबर्ग न्यू इकोनॉमी फोरममा बोल्दै श्री  गोयलले भने, भारतले भारतीय व्यवसायहरूको लागि बजार पहुँच विस्तार गर्ने लक्ष्य राखेको छ र देशको बजार विश्वव्यापी साझेदारहरूको लागि खोलेको छ।

प्रधानमन्त्री 25 वर्ष प्रधानमन्त्री सङ्ग्रहालय

प्रधानमन्त्री नरेन्द्र मोदीले सार्वजनिक सेवामा 25 वर्ष पूरा गर्नुभएको छ, जुन, जन सेवा से देश सेवाको मन्त्रद्वारा परिभाषित यात्रा हो र निरन्तर जारी रहेको अथक प्रतिबद्धता हो। सेवा र सुशासनको लागि यो दृष्टिकोणबाट निर्देशित, सरकारले 2047 सम्म विकसित भारतको लक्ष्य प्राप्त गर्न निरन्तर काम गरिरहेको छ। समावेशी विकास र सामाजिक सशक्तिकरण मार्फत, यो समर्पणले जीवनलाई रूपान्तरण गरिरहेको छ। आज, हाम्रो विशेष श्रृङ्खलामा, हामी तपाईंलाई प्रधानमन्त्री सङ्ग्रहालय जस्ता पहलहरू मार्फत यो दृष्टिकोणलाई कसरी कार्यरूप दिइएको छ भन्ने उदाहरण प्रस्तुत गर्दछौं।

राजनाथ - आसियान-भारत रक्षा

रक्षा मन्त्री राजनाथ सिंहले शान्तिपूर्ण, स्थिर र स्वतंत्र हिंद-प्रशांत क्षेत्रमा भारत र आसियानको साझा र स्पष्ट हित रहेको कुरामा जोड दिएका छन्।आज बिहान नयाँ दिल्लीमा आयोजित 'आसियान-भारत रक्षा थिंक ट्याङ्क फोरम' लाई सम्बोधन गर्दै उनले भारतको हिंद-प्रशांत दृष्टिकोणमा आसियान केन्द्रबिन्दुमा रहेको र भारतको 'एक्ट ईस्ट नीति' दक्षिण-पूर्व एशियासँग समान साझेदारका रूपमा काम गर्ने दीर्घकालीन प्रतिबद्धता भएको बताए। मन्त्री सिंहले हिन्द महासागर र दक्षिण-पूर्व एशियाका जलक्षेत्रहरू एकआपसमा जोडिएको एउटै सामुद्रिक क्षेत्र भएको र यसको सुरक्षा साझा जिम्मेवारी भएको कुरामा जोड दिए।

जयशंकर- ब्लूमबर्ग

विदेशमन्त्री डा. जयशंकरले आज भने कि मध्यम शक्तिभएका देशहरूले सहमति गरेका नियमहरूको कार्यान्वयनमा /सहमति, आपसी समझदारी र साझा हितले प्रमुख भूमिका खेल्नेछ ।नयाँ दिल्लीमा ब्लूमबर्ग न्यू इकोनॉमी फोरममा बोल्दै डा.जयशंकरले जोड दिए कि धम्की मार्फत अरूलाई नियमहरू निर्देशित गर्ने युग समाप्त भएको छ।

उनले विश्व नयाँ अन्तर्राष्ट्रिय व्यवस्थातर्फ अघि बढिरहेको उल्लेख गरे, जहाँ धेरै देशहरूले विश्वव्यापी मामिलामा ठूलो भूमिका खेलिरहेका छन् ।

जयशंकर- क्यानडा विदेश मंत्री

विदेशमन्त्री डा. एस जयशंकर र क्यानडाकी विदेशमन्त्री अनिता आनन्दले आज व्यापार र लगानी, शिक्षा, ऊर्जा, रक्षा र जन –समुदाय आदानप्रदानमा भारत- क्यानडा सम्बन्धमा भएको प्रगतिको समीक्षा गरे।

क्रिकेट - चौथो टी-20 अन्तर्राष्ट्रिय

पुरुष क्रिकेटमा, भारतले आज हैदराबादमा वेस्ट इन्डिज विरुद्ध चौथो T-20 अन्तर्राष्ट्रिय match खेल्दैछ। टस जीतेर भारतले पहिले बलिङ गरि रहेको छ।

गत आइतबार इंदौरमा भएको तेस्रो टी-20 matchमा वेस्ट इन्डिजलाई पराजित गरेपछि भारत पाँच शृङ्खलामा 2-1 ले अघि छ।

भारत-विश्व स्केटिङ

भारतका आनन्दकुमार वेलकुमारले पाराग्वेमा भएको विश्व स्केटिङ खेलकुदमा पुरुष 1000 मिटर स्प्रिन्ट श्रेणीमा रजत पदक जिते। उनले 500 मिटर स्प्रिन्टमा कांस्य पदक जितेका थिए।

प्रधानमन्त्री – लद्दाख परियोजनाहरू

प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि वीडियो कॉन्फ्रेंस मार्फत लद्दाखमा लगभग तीन हजार तीन सय ५० कोरड रपैयाँ बराबरका पाँच प्रमुख विकास परियोजनाहरूको उद्धाटन र राष्ट्रलाई समर्पित गर्नुहुनेछ। परियोजनाहरूको उद्देश्य कनेक्टिभिटी सुदृढ पार्ने, ऊर्जा- पूर्वाधार सुधार गर्ने, सांस्कृतिक सम्पदाको संरक्षण गर्ने र यस क्षेत्रमा जल सुरक्षा बढाउने हो। उहाँले यस अवसरमा भेलालाई पनि सम्बोधन गर्नुहुनेछ।